# वैदेशिक रोजगारमा जाने कामदारहरुलाई अभिमुखिकरण तालिम प्रदान गर्ने संस्थाहरुको अनलाईन प्रणाली मार्फत अनुमतिपत्र नवीकरण गर्ने बारेको सूचना

वैदेशिक रोजगार ऐन, २०६४ को दफा २८(६) तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ र अभिमुखीकरण तालिम संचालन कार्यविधि, २०७६ को दफा १४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारहरुलाई अभिमुखिकरण तालिम प्रदान गर्ने संस्थाहरुलाई २०८३ असार १ गते देखि २०८३ असार मसान्तभित्र **वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS)** मा देहाय अनुसारको कागजातहरु अपलोड गरी **अनलाईन** प्रणाली मार्फत आ.व. २०८३/०८४ को लागि अभिमुखीकरण तालिम संचालन अनुमतिपत्र नवीकरण आवेदन दिन सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पेश गर्नुपर्ने कागजातहरु (कागजातहरु नोटरी पब्लिकबाट प्रमाणिकरण भएको हुनुपर्ने) |
|---|---|
| १ | • अनुमतिपत्र नवीकरण गरिदिने बारेको संस्थाको निवेदन (अभिमुखीकरण तालिम संचालन कार्यविधि, २०७६ को अनुसूची-१ बमोजिम)<br>निवेदनमा अघिल्लो आ.व. ०८१/०८२ को तालिम संचालनको निम्न विवरण समेत खुलाउनुपर्ने,<br>➢ अघिल्लो आ.व. (०८१/०८२) को प्रगति विवरण<br>➢ कक्षा संचालन भएको संख्या<br>➢ प्रशिक्षार्थी संख्या: महिला ............. पुरुष ............. जम्मा .............<br>➢ संस्थाको भौतिक, वित्तिय र जनशक्ति विवरण<br>• अनुमतिपत्र नवीकरण गर्ने सम्बन्धी संस्थाको संचालक समितिको निर्णय |
| २ | नवीकरण दस्तुर रु.१०,०००/- (दस हजार) *:- दाखिला अनुसारको वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौंको रसिद।* |
| ३ | • अनुमतिपत्रको प्रति (२०८३ असार मसान्तसम्म नवीकरण भएको)<br>• धरौटी रसिदको प्रति |
| ४ | कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८१/८२ को कम्पनी अद्यावधिक गरेको पत्र |
| ५ | • आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्र<br>• आ.व. ०८१/८२ को लेखा परीक्षण प्रतिवेदन |
| ६ | • पछिल्लो शेयर लगत र सोको कभर लेटर (कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी भएको)<br>• संस्थाको शेयर बिक्री वा हक हस्तान्तरण भएको भए सोको प्रमाण |
| ७ | • संस्थाको हाल कार्यालय रहेको स्थानको Google Plus code सहितको Updated Google map<br>• संस्थाको हाल कार्यालय रहेको जिल्ला, पालिकाको वडा नं., घर नं, सडक/मार्ग, टोल, फोन नम्वर, मोबाइल नम्वर, Website र इमेल लगायतको पूरा विवरण |
| ८ | संस्थामा हाल कार्यरत कर्मचारीहरुको विवरण |
| ९ | अनुमतिपत्र लिने समयमा पेश भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए त्यसरी परिवर्तन भएका प्रशिक्षकको शैक्षिक योग्यता सहितको विवरण |
| १० | पेश गरेका सम्पूर्ण कागजातहरू वास्तविक हुन झुठा भए कानून बमोजिम सहुँला बुझाउँला भनी अध्यक्ष/संचालकले गरेको प्रतिवद्धतापत्र |

**पुनश्चः** FEIMS मा नवीकरणको लागि APPLY मा गर्नुपहिले संस्थाको फोन नम्वर, मोबाइल नम्वर, Website र इमेल लगायतको पूरा विवरण अनिवार्य अपडेट गर्नुपर्नेछ।

शाखा अधिकृत